# <u>जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४</u>

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०२।३१**

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अल्पसङ्ख्यक" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अनुसूची-१ बमोजिमको समूहको व्यक्ति सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(छ) "नियमावली" भन्नाले स्थानीय तह निर्वाचन नियमावली, २०७३ सम्झनु पर्छ ।

(ज) "निर्वाचन" भन्नाले जिल्ला समन्वय समितिको निर्वाचन सम्झनु पर्छ ।

(झ) "निर्वाचन कार्यालय" भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ञ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "वडा सदस्य" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सदस्य सम्झनु पर्छ र सो शब्दले महिला वडा सदस्य र दलित महिला वडा सदस्यलाई समेत जनाउँछ ।

(ड) “सदस्य” भन्नाले गाउँपालिका र नगरपालिकाको वडा सदस्य तथा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षलाई समेत जनाउँछ।

## परिच्छेद-२

## जनशक्ति तथा कार्यालय व्यवस्थापन

३. **निर्वाचन अधिकृतको नियुक्ति** : जिल्लाभित्रका सबै गाउँपालिका र नगरपालिकाको निर्वाचन सम्पन्न भई सम्बन्धित जिल्ला सभाले जिल्ला समन्वय समितिमा रहने सदस्यहरुको सङ्ख्या निर्धारण गरिसकेपछि निर्वाचनको लागि आयोगले न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाको राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्नेछ।

तर यसरी निर्वाचन अधिकृत नियुक्ति गर्दा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई मात्र नियुक्ति गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका राजपत्राङ्कित अधिकृतलाई समेत नियुक्ति गर्न सकिनेछ।

४. **कार्यालय स्थापना** : (१) निर्वाचन अधिकृतले जिल्ला समन्वय समितिको कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतको कार्यालय सञ्चालनको लागि फर्निचर लगायतका आवश्यक सामग्री जिल्ला समन्वय समितिले उपलब्ध गराउनेछ।

५. **सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति** : (१) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी कार्य सञ्चालनको लागि सम्बन्धित जिल्लास्थित सरकारी कर्मचारी मध्येबाट देहाय बमोजिम कर्मचारी नियुक्ति गर्नेछ :-

| | | |
|---|---|---|
| (क) | सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय | एकजना |
| (ख) | लेखा अधिकृत, लेखापाल वा सह लेखापाल | एकजना |
| (ग) | सहायक कर्मचारी (नायब सुब्बा वा खरिदार) | एकजना |
| (घ) | कम्प्युटर अपरेटर | एकजना |
| (ङ) | सवारी चालक (सरकारी सवारी साधन उपलब्ध भएको अवस्थामा मात्र) | एकजना |
| (च) | कार्यालय सहयोगी | एकजना |

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम लेखा अधिकृत, लेखापाल वा सह लेखापाल र खण्ड (घ) बमोजिम कम्प्युटर अपरेटर नियुक्ति गर्दा उपलब्ध भएसम्म सम्बन्धित निर्वाचन कार्यालयको कर्मचारीलाई नियुक्ति गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीले निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही निर्वाचन सम्बन्धी कार्य सञ्चालन गर्नु पर्नेछ।

६. **सुरक्षाकर्मी सम्बन्धी व्यवस्था :** (१) मतदान र मतगणनास्थलको सुरक्षाको लागि बढीमा तीन दिन सम्मको लागि पाँचजना सम्म सुरक्षाकर्मीहरू राख्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिने सुरक्षाकर्मीलाई काम गरेको दिनको लागि खाजा खर्च बापत दैनिक एक हजार रूपैयाँ दिइनेछ । त्यस्ता सुरक्षाकर्मीहरूले सिफ्ट अनुसार काम गरेमा सो रकम दामासाहीको हिसाबले पाउनेछन् । खाजा खर्च बापत भुक्तानी दिने रकममा कर कट्टा गर्नुपर्ने छैन ।

## परिच्छेद-३

## निर्वाचन व्यवस्थापन

७. **निर्वाचन कार्यक्रम प्रकाशन :** (१) निर्वाचनको लागि निर्वाचन अधिकृतले आफू नियुक्त भएको पाँच दिनभित्र उपदफा (२) बमोजिम निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम तयार गर्दा निर्वाचन कार्यक्रम प्रकाशन गरेको दश दिनभित्र निर्वाचन सम्पन्न हुने गरी क्रमबद्ध रुपमा त्यस्तो कार्यक्रम सञ्चालन गरिने मिति, समय र स्थान समेत तोकी अनुसूची-२ बमोजिमको ढाँचामा देहाय बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ :-

(क) मतदाता नामावली प्रकाशन गर्ने,

(ख) मतदाता नामावली सच्याउन वा छुट नाम समावेश गर्न दरखास्त दिने,

(ग) संशोधित मतदाता नामावली प्रकाशन गर्ने,

(घ) मतदाताको विरोधमा उजुरी दिने,

(ङ) अन्तिम मतदाता नामावली प्रकाशन गर्ने,

(च) उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने,

(छ) मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,

(ज) उम्मेदवारको विरोधमा उजुरी दिने,

(झ) मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गर्ने,

(ञ) उम्मेदवारको नामावली प्रकाशन गर्ने,

(ट) उम्मेदवारले नाम फिर्ता लिने,

(ठ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,

(ड) उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने,

(ढ) मतदान गर्ने ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम तयार गर्दा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेपछि मतपत्र छपाइ गर्ने समयलाई समेत ध्यान दिई मतदान गर्ने मिति निर्धारण गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गरेको जानकारी सम्भव भएसम्म सम्बन्धित राजनीतिक दललाई दिनु पर्नेछ ।

८. **मतदाता नामावली प्रकाशन** : (१) निर्वाचन अधिकृतले मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि सम्बन्धित जिल्ला भित्रका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख पदमा निर्वाचित व्यक्तिको विवरण निर्वाचन कार्यालयबाट माग गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-३ बमोजिम मतदाता नामावली तयार गर्नु पर्नेछ र यसरी तयार गरिएको मतदाता नामावली दफा ७ बमोजिम मतदाता नामावली प्रकाशन गर्न तोकिएको समयावधिभित्र आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन कार्यालयबाट अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको विवरण माग गर्दा निजहरुले शपथ लिएको विवरण समेत माग गर्नु पर्नेछ र नियमावलीको नियम ३८क. बमोजिम शपथ नलिएको व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गरिने छैन ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा देहायका कुराहरू समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ :-

(क) मतदाता नामावलीमा नाम समावेश हुन छुटेको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने मिति, समय र स्थान,

(ख) मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि विवरण सच्याउन दरखास्त दिने मिति, समय र स्थान,

(ग) संशोधित मतदाता नामावली प्रकाशन गर्ने मिति, समय र स्थान,

(घ) संशोधित मतदाता नामावलीमा उल्लिखित मतदाताको विरोधमा उजुरी दिने मिति, समय र स्थान,

(ङ) अन्तिम मतदाता नामावली प्रकाशन गर्ने मिति, समय र स्थान ।

(४) उपदफा (१) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-४ बमोजिमको मुचुल्का गर्नु वा गराउनु पर्नेछ ।

९. **मतदाता नामावलीमा छुट नाम समावेश गर्न दरखास्त दिने** : (१) दफा ८ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम छुट भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गर्नका लागि दफा ७ बमोजिम मतदाता नामावलीमा छुट नाम समावेश गर्न दरखास्त दिन तोकिएको समयावधि भित्र स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-५ बमोजिमको दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउन निर्वाचन अधिकृत समक्ष दरखास्तवाला स्वयम् उपस्थित भई दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावलीमा नाम समावेश गराउन दरखास्त दिने व्यक्तिले आफू अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख पदमा निर्वाचित भएको र सो पदको शपथ लिएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम दरखास्त दर्ता गराउन ल्याएमा निर्वाचन अधिकृतले सो दरखास्त स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-७ बमोजिमको ढाँचामा दर्ता गरी सो निर्देशिकाको अनुसूची-६ बमोजिमको भरपाई दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले सोही व्यहोराको निर्णय दरखास्त फाराममा उल्लेख गरी निजको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ ।

१०. **नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने** : (१) दफा ८ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, उमेर, पद वा अन्य व्यहोरामा भएको लेखाइ वा छपाइको त्रुटि सच्याउनु पर्ने देखिएमा दफा ७ बमोजिम मतदाता नामावली सच्याउन दरखास्त दिन तोकिएको समयावधिभित्र निर्वाचन अधिकृत समक्ष स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसुची-५ बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दर्ता गराउन ल्याएमा निर्वाचन अधिकृतले सो दरखास्त स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-७ बमोजिमको ढाँचामा दर्ता गरी सो निर्देशिकाको अनुसूची-६ बमोजिमको भरपाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले दरखास्त फाराममा सोही व्यहोराको निर्णय उल्लेख गरी दरखास्तवालाको विवरण सच्याउनु पर्नेछ ।

११. **संशोधित मतदाता नामावली प्रकाशन** : निर्वाचन अधिकृतले ९ र १० बमोजिम संशोधन गरिएको स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-३ बमोजिमको दुई प्रति मतदाता नामावली तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

१२. **मतदाताको विरोधमा उजुरी दिने** : (१) दफा ११ बमोजिम प्रकाशित संशोधित मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको विरोध गरी अर्को कुनै मतदाताले उजुर गर्न चाहेमा दफा ७ बमोजिम मतदाताको विरोधमा उजुरी दिन तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष अनुसूची-८ बमोजिमको उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावलीमा विरोध गर्दा सम्बन्धित निर्वाचनको लागि तयार भएको मतदाता नामावलीमा नाम समावेश भएको मतदाताले मात्र उजुरी दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजुरी दिन ल्याएमा निर्वाचन अधिकृतले सो उजुरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-९ बमोजिम दर्ता गरी सो निर्देशिकाको अनुसूची-६ बमोजिमको भरपाई निज उजुरवालालाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उजुरी दिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम दर्ता भएका उजुरीहरूको सूची स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-१० बमोजिम तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

**१३. उजुरीको जाँचबुझ गर्ने** : (१) दफा १२ बमोजिमको उजुरी सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम जाँचबुझ गर्दा विपक्षीलाई आफ्नो सम्बन्धमा आवश्यक सबूद वा सफाई प्रस्तुत गर्न मनासिब मौका दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले प्रमाण नभएको उजुरी उपर कुनै कारबाही गर्नु पर्ने छैन ।

**१४. अन्तिम मतदाता नामावली तयार गरी प्रकाशन गर्ने** : (१) निर्वाचन अधिकृतले दफा १२ बमोजिम उजुरी परेकोको त्यस्तो उजुरीका सम्बन्धमा दफा १३ बमोजिम जाँचबुझ समेत गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-३ बमोजिमको अन्तिम मतदाता नामावली पाँच प्रति तयार गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम तयार भएको अन्तिम मतदाता नामावलीमध्ये एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को अनुसूची-४ बमोजिम मुचुल्का गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले यस दफा बमोजिम प्रकाशन गरेको अन्तिम मतदाता नामावलीको दुई प्रति सम्बन्धित निर्वाचन कार्यालयलाई दिनु पर्नेछ ।

**१५. अन्तिम मतदाता नामावलीमा थपघट तथा हेरफेर गर्न नहुने** : दफा १४ बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरेपछि कुनै प्रकारको थपघट वा हेरफेर गर्नु हुँदैन ।

**१६. उम्मेदवारको योग्यता** : जिल्लाभित्रको गाउँसभा वा नगरसभाको सदस्यमा निर्वाचित भएको र नियमावलीको नियम ३८क. बमोजिम शपथ लिएको व्यक्ति जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको लागि उम्मेदवार हुन सक्नेछ ।

**१७. मनोनयनपत्र दर्ता** : (१) निर्वाचनमा उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिलाई दफा १४ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको एकजना मतदाता प्रस्तावक र अर्को एकजना मतदाता समर्थक भई उम्मेदवार हुने व्यक्ति स्वयम् वा निजको वारिस, प्रस्तावक वा समर्थकले नियमावलीको अनुसूची-१ बमोजिमको ढाँचाको मनोनयनपत्र निर्वाचन अधिकृत समक्ष दर्ता गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको लागि प्रस्तावक वा समर्थक हुँदा एकजना व्यक्ति एक प्रमुख, एक उपप्रमुख, तीन महिला सदस्य, एक दलित वा अल्पसङ्ख्यक समूदायबाट हुने सदस्य र जिल्ला सभाले निर्धारण गरे बमोजिम बढीमा अन्य तीन सदस्य पदको लागि प्रस्तावक वा समर्थक हुन सक्नेछ ।

(३) यस दफा बमोजिम मनोनयनपत्र दर्ता गराउँदा मनोनयपत्रसाथ त्यस्तो उम्मेदवार सम्बन्धित जिल्लाको गाउँसभा वा नगरसभामा निर्वाचित भएको प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(४) दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदको लागि उम्मेदवारी दिने व्यक्तिले मनोनयनपत्र साथ सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकारप्राप्त निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा पेश गर्नु पर्नेछ ।

तर दलित महिला वडा सदस्य वा दलित वा अल्पसङ्ख्यक समूदायबाट हुने सदस्य पदमा निर्वाचित भएको व्यक्तिले त्यस्तो निस्सा पेश गर्नु पर्ने छैन ।

१८. **राजनीतिक दलको औपचारिक पत्र पेश गर्नुपर्ने** : (१) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको लागि राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिने व्यक्तिले मनोनयनपत्र साथ सम्बन्धित राजनीतिक दलको औपचारिक पत्र संलग्न गर्नु पर्नेछ ।

(२) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजनीतिक दलको तर्फबाट उम्मेदवार भई गाउँसभा वा नगरसभाको कुनै पदमा निर्वाचित भएको कुनै सदस्य सोही दलको तर्फबाट मात्र जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदमा उम्मेदवार हुन सक्नेछ ।

१९. **धरौटी राख्नुपर्ने** : (१) निर्वाचनमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछ :-

(क) जिल्ला समन्वय समितिको सदस्यको लागि एकहजार पाँचसय रुपैयाँ,

(ख) जिल्ला समन्वय समितिको प्रमुख तथा उपप्रमुखको लागि दुईहजार रुपैयाँ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न व्यक्तिको हकमा पचास प्रतिशत धरौटी रकम छुट हुनेछ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि “आर्थिक रुपले विपन्न व्यक्ति” भन्नाले वार्षिक पारिवारिक आय पचासहजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ ।

(३) निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारले उपदफा (१) बमोजिम राखेको धरौटी जफत हुनेछ ।

तर निर्वाचित उम्मेदवारको हकमा यो व्यवस्था लागू हुने छैन ।

(४) उपदफा (३) बमोजिम धरौटी जफत हुने अवस्थामा बाहेक अन्य पदका उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी त्यस्तो निर्वाचन परिणाम घोषणा भएको मितिले नब्बे दिनभित्र सम्बन्धित व्यक्तिले फिर्ता लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र धरौटी फिर्ता नलिएमा त्यस्तो धरौटीको रकम सञ्चित कोषमा दाखिला हुनेछ ।

२०. **निर्वाचन चिन्ह प्रदान गर्ने** : निर्वाचन अधिकृतले निर्वाचनको लागि व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलको उम्मेदवारलाई अनुसूची-३ बमोजिम सम्बन्धित दलको निर्वाचन चिन्ह र व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नगर्ने दलको उम्मेदवार र स्वतन्त्र उम्मेदवारलाई अनुसूची-४ मा उल्लेख गरिए बमोजिमको समूहबाट निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

२१. **<u>मतपत्र छपाइ गर्ने</u>** : (१) दफा २० बमोजिम उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेपछि निर्वाचन अधिकृतले अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरुको निर्वाचन चिन्ह समावेश गरी अनुसूची-५ को ढाँचामा मतपत्र छपाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र छपाइ गर्दा मतदाता सङ्ख्याको आधारमा छपाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपत्र छाप्दा एउटै पानामा नअट्ने भएमा एकभन्दा बढी पानामा छपाइ गरी पाना नम्बर उल्लेख गरी स्टिच गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतपत्र छपाइ गर्दा गोपनीयता एवं सुरक्षाको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम मतपत्र छपाउँदा अनुसूची-६ मा उल्लिखित प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम छापिएका मतपत्रलाई क्रमसङ्ख्या अनुसार गणना एवं रुजु गरी सिलबन्दी गरी राख्नु पर्नेछ ।

२२. **<u>मतपत्र व्यवस्थापन समिति</u>** : (१) दफा २१ बमोजिम मतपत्र छाप्ने तयारी देखि सोको छपाइ, रूजु र प्याकिङसम्मको सम्पूर्ण कामको व्यवस्थापनका लागि देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) निर्वाचन अधिकृत - संयोजक

(ख) क्षेत्रीय वा जिल्ला निर्वाचन अधिकारी - सदस्य

(ग) सहायक निर्वाचन अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार बढीमा एकजना कम्प्यूटर अपरेटरलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक वापत सो समितिका संयोजक, सदस्य र आमन्त्रित सदस्यलाई नेपाल सरकारको नियमानुसारको बैठक भत्ता दिइनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको समितिको बैठक वापतको रकम भुक्तानी गर्दा बढीमा दुईवटा बैठक वापतको रकम भुक्तानी गर्न सकिनेछ ।

२३. **<u>निर्वाचन सामग्री उपलब्ध गराउने</u>** : निर्वाचनको लागि आवश्यक पर्ने स्वस्तिक छाप, सुरक्षण सिल, मतपेटिका लगायतका निर्वाचन सामग्री सम्बन्धित निर्वाचन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

२४. **<u>मतदान</u>** : (१) निर्वाचन अधिकृतले निर्वाचनको लागि मतदान अधिकृतको रुपमा समेत जिम्मेवारी बहन गरी दफा ७ बमोजिम प्रकाशित निर्वाचन कार्यक्रम अनुसार निर्धारित समयमा मतदान सम्पन्न गर्नु, गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान गर्न आउने मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृत वा निजले तोकेको कर्मचारीले मतदाताको नाम मतदाता नामावली र गाउँ कार्यपालिका

वा नगर कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख पदमा निर्वाचित भएको प्रमाणपत्र वा मतदाता परिचयपत्र वा निजले आफ्नो साथमा ल्याएको फोटो सहितको नाम, ठेगाना तथा उमेर खुलेको अन्य कुनै परिचयपत्र वा प्रमाणपत्रमा उल्लिखित विवरणसँग भिडाई रुजु गरी सकेपछि मतपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरण भिडाउँदा कुनै मतदाताको व्यहोरामा लेखाइ वा छपाइको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त हुने आधार भएमा मतदान अधिकृतले मतदानका लागि त्यस्तो मतदातालाई मतपत्र दिनेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि “सानोतिनो भूलचुक” भन्नाले मतदाता नामावलीमा सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतनमा लेखाइ वा छपाइ सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

**२५. मतगणना :** (१) निर्वाचन अधिकृतले मतदान हुने दिन अगावै मतगणना गरिने स्थान तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भएपछि मतगणना गर्ने समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम मतगणना गर्दा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत अनुसूची-७ बमोजिमको ढाँचाको मतगणना फाराममा उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको मतगणना फारामको आधारमा गणना गरेको मतसङ्ख्या निर्वाचन अधिकृतले अनुसूची-८ बमोजिमको ढाँचाको मतगणना अभिलेख फाराममा उल्लेख गर्नु पर्नेछ ।

**२६. निर्वाचन परिणाम प्रकाशन गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना कार्य समाप्त भएपछि उम्मेद्वारले प्राप्त गरेको मत परिणाम तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मत परिणाम तयार गर्दा जिल्ला समन्वय समितिको देहायको पदमा देहाय बमोजिमका उम्मेदवारलाई विजयी भएको घोषणा तयार गरी एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी निर्वाचन परिणाम तालिका आयोग र निर्वाचन कार्यालयमा समेत पठाउनु पर्नेछ :-

(क) प्रमुख र उपप्रमुख पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने एक एकजना,

(ख) महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना,

(ग) दलित वा अल्पसङ्ख्यक समूदायबाट हुने सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने एकजना,

(घ) अन्य सदस्य पदमा जिल्ला सभाले निर्धारण गरेको सङ्ख्या बमोजिम सबैभन्दा बढी मत प्राप्त गर्ने बढीमा तीनजना ।

२७. **प्रमाणपत्र प्रदान गर्ने** : दफा २६ बमोजिम निर्वाचन परिणाम घोषणा गरेपछि विजयी उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचनमा विजयी भएको प्रमाणपत्र दिई त्यस्तो प्रमाणपत्रको एकप्रति सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-४
## आर्थिक व्यवस्थापन

२८. **निर्वाचन भत्ता (खर्च शीर्षक नं.२१११९)** : (१) निर्वाचन अधिकृतलाई नियुक्ति पाएको मितिदेखि र निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयमा हाजिर भएको मितिदेखि कार्यालय स्थापना भएको बढीमा एक्काइस दिनसम्म निजले खाइपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ता बापत भुक्तानी दिइनेछ । त्यसरी भुक्तानी दिँदा अग्रीम आयकर बापत पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृत लगायत निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अधिकृतस्तरका कर्मचारीलाई दैनिक सात सय रुपैयाँ र अन्य सहायकस्तरका कर्मचारीलाई दैनिक पाँच सय रुपैयाँका दरले कार्यालयमा हाजिर भएको दिनको खाना खाजा खर्च उपलब्ध गराइनेछ । त्यसरी खाना खाजा खर्च रकम भुक्तानी दिँदा अग्रीम आयकर बापत पन्ध्र प्रतिशत रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।

(३) निर्वाचन भत्तामा दुर्गमस्थान भत्ता तथा अन्य कुनै भत्ता जोडी खर्च लेख्न पाइने छैन ।

२९. **मतदान तथा मतगणनाको लागि जनशक्ति तथा सुविधा (खर्च शीर्षक नं. २१११९)** : (१) मतदान कार्यको लागि देहाय बमोजिमका कर्मचारी खटाइनेछ :-

| | | |
|---|---|---|
| (क) | मतदान अधिकृत (निर्वाचन अधिकृत) | -एकजना |
| (ख) | सहायक मतदान अधिकृत | -एकजना |
| (ग) | सहायक कर्मचारी | -एकजना |
| (घ) | सहयोगी | -एकजना |

(२) मतगणना कार्यको लागि देहाय बमोजिम कर्मचारी रहेको टोली रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | -एकजना |
| (ख) | मतगणना अधिकारी (रा.प.तृ. श्रेणी) | -एकजना |
| (ग) | गणक | -एकजना |
| (घ) | सहयोगी | -एकजना |

(३) उपदफा (१) बमोजिम मतदानमा खटिने कर्मचारीलाई बढीमा दुई दिनको लागि प्रतिदिन अधिकृत स्तरका कर्मचारीलाई एकमुष्ट दुई हजार रूपैयाँ, सहायक स्तरका कर्मचारीलाई

एकमुष्ट एक हजार तीनसय रूपैयाँ र सहयोगी कर्मचारीलाई एकमुष्ट एक हजार एकसय रूपैयाँ थप भत्ता दिइनेछ ।

(४) उपदफा (२) बमोजिम मतगणनामा खटिने अधिकृत स्तरका कर्मचारीलाई एकमुष्ट एक हजार रूपैयाँ, सहायक स्तरका कर्मचारीलाई आठसय रूपैयाँ र सहयोगी कर्मचारीलाई पाँचसय रूपैयाँ थप भत्ता दिइनेछ ।

**३०. <u>इन्धन (खर्च शीर्षक नं.२२२११)</u> :** निर्वाचन अधिकृतले सरकारी गाडी प्रयोग गरेकोमा सोको इन्धन खर्च बापत बढीमा पाँच हजार रूपैयाँ दिइनेछ ।

**३१. <u>टेलिफोन तथा मोबाइल महशुल सुविधा (खर्च शीर्षक नं.२२११२)</u>** : निर्वाचन सम्बन्धी काममा आयोग तथा कार्यालयमा सम्पर्क गर्नको लागि निर्वाचन अधिकृतलाई मोबाइल तथा फुटकर टेलिफोन महशुल वापत निर्वाचन अवधिभर एकमुष्ट दुई हजार रूपैयाँ दिइनेछ ।

**३२. <u>मतदान केन्द्र निर्माण खर्च (खर्च शीर्षक नं.२२७११)</u>** : मतदान केन्द्र निर्माण गर्नका एकमुष्ट एक हजार रूपैयाँ दिइनेछ ।

**३३. <u>मसलन्द खर्च (खर्च शीर्षक नं.२२७११)</u>** : निर्वाचन अधिकृतको कार्यालयलाई मसलन्द खर्च वापत बढीमा दश हजार रुपैयाँ दिइनेछ ।

**३४. <u>विविध खर्च (खर्च शीर्षक नं.२२७११)</u> :** अतिथि सत्कार वा भैपरी आउने कामको लागि निर्वाचन अधिकृतको कार्यालयलाई विविध खर्च वापत बढीमा पाँच हजार रूपैयाँ दिइनेछ ।

**३५. <u>रकम निकासा दिनुपर्ने</u> :** आयोगको आदेश बमोजिम जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा रकम निकासा गर्नेछ ।

**३६. <u>संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन हुने</u> :** (१) निर्वाचन अधिकृतको कार्यालयको विनियोजन तथा राजश्व र धरौटीको आर्थिक कारोबार निर्वाचन अधिकृत वा निजले अख्तियारी दिएको अधिकृत र आर्थिक प्रशासन सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक कारोबार गर्दा प्रचलित कानून बमोजिमको रीत पुर्‍याई गर्नु पर्नेछ ।

**३७. <u>स्रेस्ता तथा फाँटवारी तयार गर्नुपर्ने</u> :** निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम खर्च गर्दा प्रचलित कानून बमोजिम रीतपूर्वकको स्रेस्ता अद्यावधिक गरी राख्नु पर्नेछ र कार्यसम्पन्न हुनासाथ त्यसको विवरण तयार गर्नु पर्नेछ ।

**३८. <u>थप खर्चका लागि पूर्व स्वीकृति लिनुपर्ने</u> :** (१) निर्वाचन अधिकृतले यस निर्देशिकामा उल्लेख भएको रकमभन्दा बढी खर्च गर्नुपर्ने अवस्था आइपरेमा सोको पर्याप्त कारण र पुष्ट्याई सहित स्वीकृतिको लागि आयोग समक्ष लेखी पठाउनु पर्नेछ र आयोगले सो सम्बन्धमा दिएको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

(२) यस निर्देशिका बमोजिम खर्च गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा निर्वाचन अधिकृतले आयोग समक्ष लेखी पठाई आयोगको निर्देशन बमोजिम मात्र खर्च गर्नु पर्नेछ ।

३९. **खर्चको बील भर्पाई प्रमाणित गरी राख्नुपर्ने :** निर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकृतले प्रत्येक खर्चको बील, भर्पाई र फाँटवारीसँग सम्बन्धित सम्पूर्ण स्रेस्ता अनिवार्य रूपमा प्रमाणित गरी राख्नु पर्नेछ ।

४०. **राजश्व खातामा रकम दाखिला गर्नुपर्ने :** निर्वाचन अधिकृतको कार्यालयले नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व रकम सम्बन्धित राजश्व खातामा जम्मा गरी सोको स्रेस्ता तयार गरी म.ले.प.फा.नं.९ र म.ले.प.फा.नं.१५ सहित दोस्रो प्रति भौचर र आन्तरिक लेखा परीक्षण गराई प्रमाणित आर्थिक विवरण र सक्कल स्रेस्ता सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

४१. **रकम फिर्ता गर्नुपर्ने :** निर्वाचन अधिकृतको कार्यालयले जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिएको रकम बाँकी रहेमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी हिसाब मिलान गर्नु पर्नेछ ।

४२. **बाँकी रकम खातामा जम्मा गर्नुपर्ने :** निर्वाचनको परिणाम घोषणा भएको पाँच दिनभित्र निर्वाचन अधिकृतले धरौटी खातामा मौज्दात रहेको रकम निर्वाचन कार्यालयको धरौटी खातामा ट्रान्सफर गरी त्यस्तो खाता बन्द गर्नु पर्नेछ र सोको जानकारी सहितको विवरण आयोग र जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा दिनुपर्नेछ ।

४३. **आन्तरिक लेखा परीक्षण गराई स्रेस्ता पठाउनु पर्ने** : (१) निर्वाचन अधिकृतले आन्तरिक लेखा परीक्षणको लागि विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ता निर्वाचन परिणाम घोषणा भएको तीन दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(२) सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले उपदफा (१) बमोजिम स्रेस्ता प्राप्त भएको मितिले दुई दिनभित्र आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन र प्रमाणित आर्थिक विवरण सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण भई स्रेस्ता प्राप्त भएपछि निर्वाचन परिणाम घोषणा भएको सात दिनभित्र सो सम्बन्धी सम्पूर्ण स्रेस्ता र प्रमाणित आर्थिक विवरण अन्तिम लेखा परीक्षणको लागि सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ । यसरी निर्वाचन अधिकृतबाट स्रेस्ता तथा आर्थिक विवरण प्राप्त भएपछि अन्तिम लेखा परीक्षणको लागि निर्वाचन अधिकारीले बाटोको म्यादबाहेक पाँच दिनभित्र आयोगमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतको कार्यालयको विनियोजन, राजश्व र धरौटी तर्फको स्रेस्ताको आन्तरिक लेखा परीक्षण गर्ने सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको कर्मचारीलाई सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले एक हजार दुई सय रूपैयाँ एकमुष्ट खर्च शीर्षक नं. २२७११ बाट खाजा खर्च बापत भुक्तानी दिनु पर्नेछ र खाजा खर्च बापतको यस्तो रकममा कर कट्टी गर्नुपर्ने छैन ।

(५) निर्वाचन अधिकृतले कार्यालय बन्द भएपछि आफ्नो कार्यालयमा मौज्दात रहेका जिन्सी सामानहरु सम्बन्धित कार्यालयमा बुझाई भर्पाई लिनु पर्नेछ र सोको प्रतिलिपि स्रेस्तासाथ संलग्न गर्नु पर्नेछ ।

४४. **अन्तिम लेखा परीक्षण** : दफा ४३ बमोजिम विनियोजन, राजस्व र धरौटी तर्फका स्रेस्ता प्राप्त भएपछि आयोगले महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनेछ ।

४५. **निर्वाचन अधिकृतको दायित्व :** आर्थिक कारोबार गर्दा वा गराउँदा निर्वाचन अधिकृतको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) प्राप्त अख्तियारीको परिधिभित्र रही यस निर्देशिकामा उल्लेख भए अनुसार रीतपूर्वक खर्च गर्ने,

(ख) खर्च भएको रकमको यथासमयमा आन्तरिक लेखापरीक्षण गराई सम्बन्धित निर्वाचन कार्यालयमा स्रेस्ता बुझाउने,

(ग) लेखा परीक्षणबाट औंल्याइएको पेश्की तथा बेरुजू फछ्र्यौट वा असुल गर्नुपर्ने भए फछ्र्यौट वा असुल समेत गरी बेरुजू फछ्र्यौट गर्ने, सो सम्बन्धमा कुनै स्पष्टीकरणको आवश्यकता देखिएमा सोको जानकारी सम्बन्धित निकायमा पठाउने र कुनै पनि किसिमको पेश्की रकम बाँकी र बेरुजू नहुनेतर्फ ध्यान दिने ।

४६. **असुल उपर गरिने** : यस निर्देशिकाको उल्लङ्घन गरी गरेको खर्च त्यस्तो खर्च गर्ने अख्तियार प्राप्त अधिकारीबाट प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ ।

## परिच्छेद-५
## विविध

४७. **शपथ** : जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख पदमा निर्वाचित भएको व्यक्तिले जिल्ला न्यायाधीश समक्ष र जिल्ला समन्वय समितिको प्रमुखले शपथ लिएपछि सदस्यले निज समक्ष नियमावलीको अनुसूची-२९क. बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

४८. **यसै निर्देशिका बमोजिम हुने :** निर्वाचनको सम्बन्धमा यस निर्देशिकामा लेखिएका कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३, स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४ र स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा २ को खण्ड (ख) सँग सम्बन्धित)

## अल्पसङ्ख्यक समूहको सूची

| क्र.सं. | जातजाति | क्र.सं. | जातजाति | क्र.सं. | जातजाति | क्र.सं. | जातजाति | क्र.सं. | जातजाति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **कलवार** | २ | **कानु** | ३ | **कुमाल** | ४ | घर्ती/ भुजेल | ५ | हजाम/ठाकुर |
| ६ | राजवंशी | ७ | शेर्पा | ८ | धोवी | ९ | तत्मा/तत्वा | १० | लोहार |
| ११ | खत्वे | १२ | सुढी | १३ | दनुवार | १४ | हलुवाइ | १५ | माझी |
| १६ | बरई | १७ | बिन | १८ | नुनीया | १९ | चेपाङ /प्रजा | २० | सोनार |
| २१ | कम्हार | २२ | सुनुवार | २३ | बाँतर/सरदार | २४ | कहर | २५ | सतार/सन्थाल |
| २६ | मारवाडी | २७ | कायस्थ | २८ | राजपुत | २९ | बादी | ३० | झाँगड/धागर |
| ३१ | गनगाई | ३२ | लोध | ३३ | बढई | ३४ | थामी | ३५ | कुलुङ |
| ३६ | बंगाली | ३७ | गडेरी/ भेडियार | ३८ | धिमाल | ३९ | याक्खा | ४० | घले |
| ४१ | ताजपुरीया | ४२ | खवास | ४३ | दराइ | ४४ | माली | ४५ | धुनीया |
| ४६ | पहरी | ४७ | राजधोव | ४८ | भोटे | ४९ | डोम | ५० | थकाली |
| ५१ | कोरी | ५२ | छन्त्याल | ५३ | ह्योल्मो | ५४ | बोटे | ५५ | राजभर |
| ५६ | ब्रम्हु/बरामो | ५७ | पंजाबी/सिख | ५८ | नाछिरिङ | ५९ | याम्फु | ६० | गाइने |
| ६१ | चाम्लिङ | ६२ | आठपहरिया | ६३ | जिरेल | ६४ | दुरा | ६५ | सरवरिया |
| ६६ | मेचे | ६७ | बान्तवा | ६८ | राजी | ६९ | डोल्पो | ७० | हलखोर |
| ७१ | व्यासी / सौका | ७२ | अमात | ७३ | थुलुङ | ७४ | लेप्चा | ७५ | पथरकट्टा /कुशवाडिया |
| ७६ | मेवाहाङ वाला | ७७ | बाहिङ | ७८ | नटुवा | ७९ | हायु | ८० | धन्कार/धरिकार |
| ८१ | ल्होपा | ८२ | मुण्डा | ८३ | देव | ८४ | ढाँडी | ८५ | कमर |
| ८६ | किसान | ८७ | साङपाङ | ८८ | कोचे | ८९ | ल्होमी | ९० | खालिङ |
| ९१ | तोप्केगोला | ९२ | चिडिमार | ९३ | वालुङ | ९४ | लोहोरुङ | ९५ | कलार |
| ९६ | राउटे | ९७ | नुराङ | ९८ | कुसुन्डा | | | | |

अनुसूची-२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

जिल्ला समन्वय समितिको निर्वाचन

..................... जिल्ला

**निर्वाचन कार्यक्रमको सूचना**

.................. जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन प्रयोजनको लागि निम्न बमोजिम निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरिएको छ ।

| क्रम संख्या | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| २ | मतदाता नामावली सच्याउन वा छुट नाम समावेश गर्न दरखास्त दिने | | | | | | |
| ३ | संशोधित मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| ४ | मतदाताको विरोधमा उजुरी दिने | | | | | | |
| ५ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| ६ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | | | | | | |
| ७ | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने | | | | | | |
| ८ | उम्मेदवारको विरोधमा उजुरी दिने | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | | | | | | |
| १० | उम्मेदवारको नामावली प्रकाशन गर्ने | | | | | | |
| ११ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | | |
| १२ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | | | |
| १३ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | | | | | | |
| १४ | मतदान गर्ने | | | | | | |

**द्रष्टव्य** : मतदान कार्य सम्पन्न भए पछि यथाशक्य छिटो मतगणना गरी परिणाम घोषणा गरिने ।

मिति :-

समय :-




..............................


निर्वाचन अधिकृत



## अनुसूची-३

(दफा २० सँग सम्बन्धित)

<u>व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलको निर्वाचन चिन्ह</u>

| क्र.सं. | दलको नाम | निर्वाचन चिन्ह | |
|---|---|---|---|
| १ | नेपाली काँग्रेस | रुख |  |
| २ | नेपाल कम्यूनिष्ट पार्टी ( एकिकृत मार्क्सवादी लेनिनवादी) | सूर्य |  |
| ३ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) | गोलाकारभित्र हँसिया हथौडा |  |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | गाई |  |
| ५ | संघीय समाजवादी फोरम, नेपाल | हातले समातेको मसाल |  |
| ६ | मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) | नमस्कार गरेको हात |  |
| ७ | तराई-मधेश लोकतान्त्रिक पार्टी | जोडा गोरु |  |

| | | | |
|---|---|---|---|
| ८ | सद्भावना पार्टी | तीर |  |
| ९ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) | हँसिया र तारा |  |
| १० | राष्ट्रिय जनमोर्चा | गिलास |  |
| ११ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | हँसिया |  |
| १२ | राष्ट्रिय मधेश समाजवादी पार्टी | साइकल |  |
| १३ | नेपाल मजदुर किसान पार्टी | मादल |  |
| १४ | राष्ट्रिय जनमुक्ति पार्टी | घर |  |
| १५ | तराई मधेश सद्भावना पार्टी नेपाल | लट्ठी लिएको पुरुष |  |
| १६ | थरुहट तराई पार्टी नेपाल | ढक्की |  |
| १७ | नेपाल परिवार दल | साँचो |  |
| १८ | बहुजन शक्ति पार्टी | जग |  |

| | | | |
|---|---|---|---|
| १९ | अखण्ड नेपाल पार्टी | ध्वजा |  |
| २० | मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) | रेल |  |
| २१ | नेपाली जनता दल | पाङ्ग्रो |  |
| २२ | खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल | हथौडा |  |
| २३ | जनजागरण पार्टी नेपाल | टर्च लाइट |  |
| २४ | नेपाल सद्भावना पार्टी | हात |  |
| २५ | मधेश समता पार्टी नेपाल | रिक्सा |  |
| २६ | समाजवादी जनता पार्टी | चन्द्रमा |  |
| २७ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) | गाग्री |  |

अनुसूची-४

(दफा २० सँग सम्बन्धित)

## स्वतन्त्र उम्मेदवारहरुको लागि निर्वाचन चिन्हहरुको समूह

| | | | | |
|---|---|---|---|---|
| <br>व्याडमिन्टन कर्क | <br>भित्ते घडी | <br>फूल | <br>कप प्लेट | <br>मुढा |
| <br>साँचोको झुप्पो | <br>डालो | <br>पीपलको पात | <br>ग्लोब | <br>कोदालो बोकेको किसान |
| <br>जेब्रा | <br>कुखुराको चल्ला | <br>रामतोरियाँ (भिन्डी) | <br>पङ्खा | <br>मसी र कलम |
| <br>गहना | <br>काने कसौडी | <br>प्वाँख | <br>फ्रक | <br>बस |

(दफा २१ को उपदफा (१) सँग सम्बन्धित)

## मतपत्रको नमूना ढाँचा

जिल्लाको नाम : ........................ मतपत्र सङ्ख्या : ........ मतदाताको सही:

मतदाताको नाम : ..............................................

मतदाता क्रम सङ्ख्या : ..............................

| क्र.सं | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रमुख | उपप्रमुख | महिला सदस्य | | | दलित वा अल्पसंख्यक | अन्य सदस्य | | |
| १. | .......... | ......... | .......... | .............. | .............. | ............ | .............. | ............ | ........... |
| २. | ......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... |
| ३. | ......... | ......... | ......... | ......... | ......... | ......... | ......... | ......... | ......... |
| ४. | ......... | ........ | ......... | ......... | ......... | ......... | ......... | ......... | ......... |
| ५. | ...... | ...... | ...... | ...... | ...... | ...... | ...... | ...... | ...... |
| ६. | ........... | ........... | ........... | ........... | ........... | ........... | ........... | ........... | ........... |
| ७. | ............ | ............ | .......... | ............. | ............ | ........... | .......... | ........... | ............ |
| ८. | ............ | ............ | ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |

मतदान अधिकृतको सही:

**द्रष्टव्य** : राजनीतिक दलका वा स्वतन्त्र उम्मेदवार सङ्ख्या अनुसार निर्वाचन चिन्ह थप गर्दै जानु पर्नेछ ।

अनुसूची-६

(दफा २१ को उपदफा (५) सँग सम्बन्धित)

**मतपत्र छपाउँदा अवलम्बन गर्नु पर्ने सम्बन्धी प्रकृया**

(१) यस निर्देशिकाको दफा ७ बमोजिम सम्बन्धित निर्वाचन अधिकृतले प्रकाशन गरेको कार्यक्रम अनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरी सकेपछि मतपत्र व्यवस्थापन सम्बन्धी अन्य कार्यको थालनी गर्नु पर्नेछ ।

(२) निर्वाचनको लागि मतपत्र तयार गर्दा उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारको निर्वाचन चिन्ह देहायको क्रममा समावेश गर्नु पर्नेछ :-

(क) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिइएकोमा त्यस्ता उम्मेदवारको नाम र सो दलको निर्वाचन चिन्ह अनुसूची-३ को क्रममा,

(ख) व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नगर्ने दलका तर्फबाट उम्मेदवारी दिइएकोमा त्यस्ता उम्मेदवारको नाम र निजले प्राप्त गरेको निर्वाचन चिन्ह उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा, र

(ग) स्वतन्त्र रुपमा खडा भएका उम्मेदवार रहेकोमा त्यस्ता उम्मेदवारको नाम र निजले प्राप्त गरेको निर्वाचन चिन्ह उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा ।

(३) क्रमसङ्ख्या (२) को खण्ड (ख) बमोजिम व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नगर्ने दलको तर्फबाट उम्मेदवारी दिइएकोमा निजहरुको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा सम्भव भएसम्म एकै लहरमा पर्ने गरी समावेश गर्नु पर्नेछ ।

(४) आयोगबाट प्रेषित इमेल मार्फत प्राप्त फाइलहरु डाउनलोड गरी निर्वाचन चिन्हको फोल्डरभित्र रहेका **TIF File** बाट (क) फाइलमा रहेका व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलको निर्वाचन चिन्ह र (ख) फाइलमा रहेका स्वतन्त्र निर्वाचन चिन्हबाट कपी **(Copy)** गरी मतपत्रको सम्बन्धित कोठामा त्यस्तो निर्वाचन चिन्ह इन्सर्ट (**Insert**) गरी मतपत्र तयार गर्नु पर्नेछ ।

(५) एउटै राजनीतिक दलबाट महिला र अन्य सदस्यको लागि एकभन्दा बढी व्यक्तिको उम्मेदवारी परेको अवस्थामा मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिन्ह राख्दा वर्णानुक्रमको आधारमा क्रमशः बायाँतर्फको कोठाबाट दायाँतर्फ उम्मेदवारको नाम र निर्वाचन चिन्ह राखी मतपत्र व्यवस्थापन गर्नु पर्नेछ ।

(६) राजनीतिक दलले निर्वाचित गर्नुपर्ने पदभन्दा कम सङ्ख्यामा उम्मेदवारी दिएको अवस्थामा उम्मेदवारको सङ्ख्या अनुसार मात्र मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिन्ह राखी सो लहरका अन्य कोठाभित्र अन्य निर्वाचन चिन्ह नराखी सो कोठालाई हाइलाइट गरी कालो बनाएर मतपत्र तयार गर्नु पर्नेछ ।

(७) मतपत्र छपाइ गर्दा मतदाता नामावलीमा नाम कायम भएका मतदाता सङ्ख्याको सामान्यतया दश वटा थप मतपत्र छपाई गर्नु पर्नेछ ।

(८) मतपत्रमा क्रमसङ्ख्या उल्लेख गर्दा ००१ बाट शुरु हुने गरी प्रत्येक मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या जनाउनु पर्नेछ ।

(९) मतपत्र छपाइ गर्दा सम्भव भएसम्म जिल्लाभित्र गर्नु पर्नेछ । मतपत्र छपाइ गर्दा आवश्यकता अनुसार ए फोर (A4) साइजको फोटोकपी कागजमा श्यामश्वेत (Black and White) रङमा गर्नु पर्नेछ । ए फोर (A4) साइजमा छपाइ गर्दा नअट्ने भएमा ए थ्री (A3) वा सो भन्दा ठूलो साइजमा सेतो कागजमा छपाइ गर्न सकिने भएमा एकै पानामा अट्ने गरी छपाइ गर्नु पर्नेछ ।

(१०) उम्मेदवार सङ्ख्या बढी भई ए फोर (A4) साइजको एउटै पानामा नअट्ने भएमा र ए थ्री (A3) वा सोभन्दा ठूलो साइजमा मतपत्र छपाइ गर्न नसकिएमा ए फोर (A4) साइजको एकभन्दा बढी पानामा छपाइ गरी त्यसलाई स्टिच गरेर मतपत्र तयार गरी तथा मतपत्रको प्रत्येक पानामा पृष्ठ सङ्ख्या उल्लेख गरी निर्वाचन अधिकृतले सही गर्ने स्थान राख्नु पर्नेछ ।

**उदाहरणार्थ** : पृष्ठ सङ्ख्या उल्लेख गर्दा यदि मतपत्र ३ (तीन) पृष्ठको रहने भएमा पहिलो पृष्ठमा १/३, दोस्रो पृष्ठमा २/३ र तेस्रो पृष्ठमा ३/३ को ढाँचामा उल्लेख गर्नु पर्नेछ ।

(११) मतपत्रको अन्तिममा 'मतदान अधिकृतको सही......................' भन्ने व्यहोरा राख्नु पर्नेछ । त्यसरी मतपत्रको पृष्ठ एकभन्दा बढी भएमा अन्तिम पृष्ठ बाहेक अरूमा मतदान अधिकृतले छोटकरीमा दस्तखत गर्नु पर्नेछ ।

(१२) छपाइ गरिएको मतपत्र सिलबन्दी गर्नु अघि प्रत्येक मतपत्रको प्रत्येक पृष्ठको पछिल्लो भागमा कार्यालयको छाप लगाई राख्नु पर्नेछ ।

अनुसूची-७

(दफा २५ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.............................. जिल्ला
.............................. गाउँपालिका/नगरपालिका

**<u>मतगणना फाराम</u>**

............................ जिल्ला..................... जिल्ला समन्वय समितिको निर्वाचनको लागि मतदान भएको मत गणना देहाय बमोजिम छ :-

जिल्ला :-

कुल मतदाता सङ्ख्या :- कुल मतदान सङ्ख्या :-

जम्मा खसेको मत सङ्ख्या :-

पद : जिल्ला समन्वय समितिको प्रमुख/उपप्रमुख/महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य/सदस्य

| क.सं. | निर्वाचन चिन्ह र उम्मेदवारको नाम | | प्राप्त मत | |
|---|---|---|---|---|
| | | | गणनाको धर्सो | जम्मा मत |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| . | | | | |
| . | | | | |
| | **बदर मत** | | | |

मतगणना गर्ने कर्मचारीको

१. ........................................ (नाम) ................................ (दस्तखत)
२. ........................................ (नाम) ................................ (दस्तखत)
३. ........................................ (नाम) ................................ (दस्तखत)

**<u>द्रष्टव्य :</u>**

(१) यो गणना फाराम जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, महिला सदस्य, दलित वा अल्पसङ्ख्यक सदस्य र अन्य सदस्यको लागि अलग-अलग रुपमा तयार गर्नु पर्नेछ।

(२) यो गणना फाराम सम्बन्धित जिल्ला समन्वय समितिको उम्मेदवारको निर्वाचन चिन्हको आधारमा तयार गरी गणना गर्नु पर्नेछ।

(३) सम्पूर्ण रुपमा बदर भएका मतपत्र पहिले गणना गरी तत्पश्चात मात्र अन्य मतपत्रको गणना गर्नु पर्नेछ।

(४) एउटै मतपत्रमा केही मत सदर र केही मत बदर भएको अवस्थामा पहिले बदर भए जति मत बदर मतको महलमा उल्लेख गरी तत्पश्चात मात्र सदर मत गणना गर्नु पर्नेछ।

अनुसूची-८

(दफा २५ को उपदफा (४) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
जिल्ला समन्वय समितिको निर्वाचन
..................... जिल्ला

**मतगणना अभिलेख फाराम**

जिल्ला :

पद : जिल्ला समन्वय समितिको प्रमुख/उपप्रमुख/महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य/सदस्य

| **क्र.सं.** | **निर्वाचन चिन्ह र उम्मेदवारको नाम** | | **जम्मा प्राप्त मत** | **कैफियत** |
|---|---|---|---|---|
| | **चिन्ह** | **उम्मेदवारको नाम** | | |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | **बदर मत** | | | |
| | | **जम्मा** | | |

मिति :-

..........................
निर्वाचन अधिकृत

**द्रष्टव्य** :

(१) अनुसूची-७ बमोजिमको फारामको आधारमा जिल्ला समन्वय समितिको प्रमुख, उप्रमुख, महिला सदस्य, दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य तथा अन्य सदस्यको लागि यो फाराम अलग-अलग रुपमा तयार गर्नु पर्नेछ ।

(२) यो फाराममा उल्लिखित मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने देहाय बमोजिमका कउम्मेदवार विजयी हुनेछन् :-

(क) जिल्ला समन्वय समितिको प्रमुख पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने एकजना,
(ख) जिल्ला समन्वय समितिको उपप्रमुख पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने एकजना,
(ग) जिल्ला समन्वय समितिको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना,
(घ) जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक समूदायबाट हुने सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने एकजना,
(ङ) जिल्ला समन्वय समितिको अन्य सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने बढीमा तीनजना ।